# बिर्तामोड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

विर्तामोड,झापा
१ नं. प्रदेश, नेपाल ।

मिति :- २०७६/३/१

श्री पुर्वाञ्चल दैनिक,
विर्तामोड,झापा ।

विषय :- सूचना प्रकाशित गरि दिने सम्वन्धमा ।

उपर्युक्त विषयमा यस कार्यालयको निम्न अनुसारको सूचना ताँहा पत्रिकामा मिति २०७६/३/२गतेका दिन प्रकाशित गरिदिनु हुन अनुरोध छ ।
निम्न

**विर्तामोड नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**विर्तामोड, झापा**

**१ नं. प्रदेश, नेपाल**

**आन्तरिक आय संकलनको लागि**

**वोलपत्र/शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सुचना**

***प्रथम पटक प्रकाशित मिति : २०७६/०३/०२***

स्थानीय सरकार संचालन ऐन २०७४ र विर्तामोड नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको कानून अनुसार यस नगरपालिकाले आगामी आ. व. ०७६/०७७ मा उठाउन पाउने देहायको आन्तरिक आय नेपाल सरकारको प्रचलित कानून बमोजिम ठेक्का बन्दोवस्त गर्न वाञ्छनिय रहेकोले देहायका ठेक्का शिर्षकहरुको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएको हुंदा इच्छुक व्यक्ति, फर्म वा संस्थाले तपसिलमा उल्लेखित दस्तुर तिरी तोकिएको अवधि भित्र नियमानुसारको शिलबन्दी दरभाउपत्र तथा बोलपत्र यो सुचना प्रकाशित भएको मितिबाट सि. नं.-१, २, ५, ६ को हकमा ३० (तीस) दिन र सि. नं.-३ र ४ को हकमा १५ (पन्ध्र) दिन भित्र देहायका शर्तहरुको अधिनमा रही बोलपत्र/शिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

**ठेक्काको विवरण**

| ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक (भ्याट बाहेक) | बोलपत्र/शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम म्याद | बोलपत्र/शिलबन्दी दरभाउपत्र दस्तुर | बोलपत्र/शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र/शिलबन्दी दरभाउपत्र खोलिने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|

Scanned by CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | दैनिक साप्ताहिक हाटबजार बहाल बिटौरी शुल्क (आ. व. ०७६/७७ वर्ष १ का लागि) | २५,०१,०००/- | २०७६/३/३१ गते कार्यालय समय सम्म | ३०००/- ( फिर्ता नहुने गरी ) | २०७६/४/१ गते दिनको १२:०० बजे भित्र | २०७६/४/१ गते दिनको २:०० बजे बिर्तामोड नगरपालिकाको कार्यालय |
| २ | पटके सवारी कर तथा पार्किङ शुल्क (टेकु बहादुर गिरी बसराको) (आ. व. ०७६/७७ वर्ष १ का लागि) | २८,५२,१००/- | २०७६/३/३१ गते कार्यालय समय सम्म | ३०००/- ( फिर्ता नहुने गरी ) | २०७६/४/१ गते दिनको १२:०० बजे भित्र | २०७६/४/१ गते दिनको २:०० बजे बिर्तामोड नगरपालिकाको कार्यालय |
| ३ | कोइला व्यवसायीहरुलाई लिईने सेवा शुल्क ( आ. व. ०७६/७७ वर्ष १ का लागि) | ५,०१,०००/- | २०७६/३/१६ गते कार्यालय समय सम्म | १०००/- ( फिर्ता नहुने गरी ) | २०७६/३/१७ गते दिनको १२:०० बजे भित्र | २०७६/३/१७ गते दिनको २:०० बजे बिर्तामोड नगरपालिकाको कार्यालय |
| ४ | चारपाने राजगढ सडकको बिर्तामोड खण्ड (आ. व. ०७६/७७ वर्ष १ का लागि) | ९,००,००१/- | २०७६/३/१६ गते कार्यालय समय सम्म | १०००/- ( फिर्ता नहुने गरी ) | २०७६/३/१७ गते दिनको १२:०० बजे भित्र | २०७६/३/१७ गते दिनको २:०० बजे बिर्तामोड नगरपालिकाको कार्यालय |
| ५ | सैनिकमोड गोलधाप सडकको बिर्तामोड खण्ड (आ. व. ०७६/७७ वर्ष १ का लागि) | १०,००,००१/- | २०७६/३/३१ गते कार्यालय समय सम्म | ३०००/- ( फिर्ता नहुने गरी ) | २०७६/४/१ गते दिनको १२:०० बजे भित्र | २०७६/४/१ गते दिनको २:०० बजे बिर्तामोड नगरपालिकाको कार्यालय |
| ६ | बिर्तामोड खुदुनाबारी सडकको बिर्तामोड खण्ड (आ. व. ०७६/७७ वर्ष १ का लागि) | १०,००,००१/- | २०७६/३/३१ गते कार्यालय समय सम्म | ३०००/- ( फिर्ता नहुने गरी ) | २०७६/४/१ गते दिनको १२:०० बजे भित्र | २०७६/४/१ गते दिनको २:०० बजे बिर्तामोड नगरपालिकाको कार्यालय |

**शर्तहरु**

१) ईच्छुक बोलपत्रदाताले नागरिकताको प्रमाण पत्र, VAT दर्ता प्रमाण पत्र र गत आ. ब. २०७४/०७५ को कर चुक्ता प्रमाण-पत्र पेश गरी कार्यालयबाट बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्नु पर्नेछ ।

२) यसरी खरिद गरिएको बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम भरी बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले ठेक्का नं. १, २, ५ र ६ को हकमा ३१ औं दिन र ठेक्का नं. ३ र ४ को हकमा १६ औं दिन दिनको १२:०० बजे भित्रमा यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । आफैं बोलपत्र/शिलबन्दी दरभाउपत्रदाता बोलपत्र/शिलबन्दी दरभाउपत्र दाखिला गर्न नसक्ने बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले रितपुर्वकको अख्तियारीनामा दिई प्रतिनिधि पठाउनु पर्नेछ । पर्न आएका बोलपत्र/शिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजेपछि बोलपत्र/शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि र तोकिएका कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्र/शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र/शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराममा कबोल अंक अक्षरमा स्पष्ट बुझिने गरी भर्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउंमा बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले स्पष्ट सही छाप गरेको हुनु पर्नेछ ।

पशुपति खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

४) बोलपत्र/शिलबन्दी दरभाउपत्रमा उल्लेखित कबोल अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको रा. वा. बैंक भद्रपुर स्थित हि. नं.-२२१०३०४०१८१०४ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नोममा जारी गरेको बोलपत्र दाखिला अन्तिम मितिबाट १२० ( एक सय विस ) दिन म्याद भएको विडवण्ड बोलपत्र साथ दाखिला गर्नु पर्नेछ ।

५) ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति श्रृजना भएमा वा कार्यालय र ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा विर्तामोड नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

६) नगरपालिकालाई रकम वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बांकी रकम नबुझाएसम्म निजले बोलपत्र/शिलबन्दी दरभाउपत्र खरिद गर्न पाउने छैन ।

७) बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले खामको बाहिर नाम र ठेगाना स्पष्टसंग उल्लेख गरी बोलपत्र/शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

८) बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ ।

९) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०) शर्त राखी पेश गरेको, रित नपुगेको र म्याद नाघी आएका बोलपत्र/शिलबन्दी दरभाउपत्र माथि कारवाही हुने छैन ।

११) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु स्थानीय सरकार संचालन ऐन २०७४ तथा विर्तामोड नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून २०७४, नेपाल सरकारको प्रचलित कानून तथा विर्तामोड नगरपालिकाको निर्णयानुसार सम्झौताका बखतमा निर्धारित हुनेछन् ।

१२) यस सम्वन्धमा थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१३) ठेक्का सम्वन्धी अन्य शर्त तथा विस्तृत विवरण यस कार्यालयबाट उपलब्ध गराईने बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले उक्त सबै शर्तहरु पुरा गर्नु पर्नेछ ।

पशुपति घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner